# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

खण्ड १ संख्या २९ मितिः २०७६/११/०४

## भाग-२

**बालबालिकाको हक हित सम्बन्धमा व्यवस्था गर्न बनेको स्थानीय बालअधिकार**
कार्यविधि, २०७६

# भरतपुर महानगरपालिका

नगर कार्यपालिको कार्यालय

भरतपुर, चितवन

वागमती प्रदेश, नेपाल

# बालबालिकाको हक हित सम्बन्धमा व्यवस्था गर्न बनेको स्थानीय बालअधिकार कार्यबिधि, २०७६

स्वीकृत मितिः २०७६/०८/०५

**प्रस्तावना :**

बालअधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्ति गरी उनीहरुको सर्बोत्तम हितको सुनिश्चितताका लागि भरतपुर महानगर भित्र बसोबास गर्ने बालबालिकाहरु र विभिन्न कारणबाट महानगरको कार्यक्षेत्रमा भेटिएका अनाथ, असाहाय बालबालिकाहरुको संरक्षण, सहयोग र पुर्नस्थापना गर्नु अत्यावश्यक देखिएकाले **बालबालिका सम्बन्धी ऐन, २०७५** र **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** ले स्थानीय तहमा प्रत्यायोजित अधिकारको प्रयोग गरी **"बालबालिकाको हक हित सम्बन्धमा व्यवस्था गर्न बनेको स्थानीय बालअधिकार सम्बन्धी कार्यविधि, २०७६"** तयार गरी लागू गरिएको छ ।

## परिच्छेद- १

## संक्षिप्त नाम, परिभाषा र उद्देश्य

**(१) संक्षिप्त नाम र प्रारम्भ :-**

(१.१) यस कार्यबिधिको नाम **"बालबालिकाको हकहित सम्बन्धमा व्यवस्था गर्न बनेको स्थानीय बालअधिकार सम्बन्धी कार्यविधि, २०७६"** रहनेछ ।

(१.२) यो कार्यपालिकाको बैंठकबाट निर्णय भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

**(२) परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा ;**

(क) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(ख) "महानगरपालिका" भन्नाले भरतपुर महानगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यबिधि" भन्नाले "बालबालिकाको हक हित सम्बन्धमा व्यवस्था गर्न बनेको स्थानीय बालअधिकार सम्बन्धी कार्यविधि, २०७६" सम्झनु पर्दछ ।

(घ) "प्रमुख" भन्नाले महानगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) "उपप्रमुख" भन्नाले महानगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ ।

(च) "वडा अध्यक्ष" भन्नाले महानगरपालिकाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(छ) "कार्यालय" भन्नाले भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यलय भरतपुरलाई सम्झनुपर्दछ।

(ज) "स्थानीय बालकल्याण समिति" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा २ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

(झ) "स्थानीय बालकल्याण अधिकारी" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१ बमोजिम स्थानीय बालकल्याण समितिको अध्यक्षले तोके बमोजिम हुनेछ ।

(ञ) "बालकोष" भन्नाले भरतपुर महानगरपालिकाले बालबालिकाको विकास, तत्काल उद्धार, राहत र पुर्नस्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि स्थापना गरिएको कोष सम्झनु पर्दछ ।

(ट) "साझेदार संस्था" भन्नाले बालबालिकाको सर्बोत्तम हित, संरक्षण र पुर्नस्थापनाका लागि संघ संस्था दर्ता ऐन बमोजिम दर्ता भएका संस्थालाई सम्झनु पर्दछ ।

(ठ) "अनुगमन" भन्नाले भरतपुर महानगरपालिकाबाट बालगृह तथा साझेदार संस्थाहरुमा गरेको अनुगमन सम्झनु पर्दछ र अनुगमन जुनसुकै समयमा पनि गर्न सकिनेछ ।

(ड) बालकालिकाको "संरक्षक" भन्नाले यस कार्यविधि अनुसार तोकिएको व्यक्ति सम्झनु

पर्दछ ।

(ढ) "बालगृह" भन्नाले भरतपुर महानगरपालिकाद्वारा सञ्चालित वा महानगरपालिकाबाट स्वीकृत प्राप्त संघ संस्थाद्वारा सञ्चालित बालगृहलाई सम्झनु पर्दछ ।

(ण) "अल्पकालीन आश्रय स्थल" भन्नाले भरतपुर महानगरपालिकाबाट सञ्चालित वा महानगरपालिकाबाट स्वीकृत प्राप्त संस्थाद्वारा सञ्चालित अल्पकालीन आश्रय स्थललाई सम्झनु पर्दछ ।

**(३) उद्देश्य :**

(३.१) बालअधिकारको संरक्षण र प्रवर्द्धन गर्ने ।

(३.२) बालबालिकाहरुको उच्चतम् हितलाई ध्यान दिई महानगरपालिकालाई बालमैत्री नगर निर्माणमा सहयोग पुऱ्याउने ।

## परिच्छेदः २

## बालबालिकाको विशेष संरक्षण तथा पुनर्स्थापन

**(२.१) "विशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले देहाय बमोजिम सम्झनु पर्दछ ;**

(क) बालबालिका सम्बन्धी ऐन, २०७५ मा परिभाषित भएका अनाथ बालबालिका;

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, आमा बाबुबाट अलग्गिएका वा आमाबाबु पत्ता नलागि बेवारिसे भएका बालबालिका;

(ग ) आमा बाबु लाई गम्भीर शारीरिक वा मानसिक रोग लागेका, शारीरिक वा मानसिक अपाङ्गता भएको कारण उचित हेरचाह नपाएका बालबालिका;

(घ) कानूनी विवादमा परेका बालबालिका मध्ये दिशान्तर प्रक्रिया (बालबालिका सम्बन्धी ऐनको दफा २९) बमोजिम बैकल्पिक हेरचाहका लागि सिफारिस भएका बालबालिका;

(ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका;

(च) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएका शिशुलाई आफुले पालनपोषण गर्न नसक्ने भनि बालकल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका;

(छ) आमाबाबु वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा वेवास्ता भएको कारणले बालबालिकाको उच्चतम् हितको लागि परिवारबाट अलग गरिएका बालबालिका;

(ज) जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरित श्रममा संलग्न भई जीवनयापन गरिरहेका, धुम्रपान, मध्यपान एवम् अन्य लागू औषधको कूलतमा फसेका, एच.आई.भि. सङ्क्रमित बालबालिका;

(झ) गम्भीर शारीरिक, मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही आमाबाबु वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेका वा सामान्य जीवनयापन गर्न कठिनाई भएका बालबालिका र

(ञ) बिपद् वा सशस्त्र द्वन्दका कारणले बाबु आमा दुवै वा आमाबाबु मध्ये एक गुमाएका, वेपत्ता भएका वा आफै शारीरिक वा मानसिक रुपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका ।

# परिच्छेद ३

## स्थानीय बालअधिकर समितिको गठन, काम कर्तव्य र अधिकार

### (३.१) स्थानीय बालअधिकार समितिको गठन :

बालबालिका सम्बन्धी ऐन, २०७५ को परिच्छेद ५ को दफा ६० मा उल्लेख भए बमोजिम भरतपुर महानगरपालिकाको उप-प्रमुख एवम् न्यायिक समितिको संयोजक अध्यक्ष रहने गरी स्थानीय बालअधिकार समिति देहाय बमोजिम गठन भएको हुनेछ ;

| | |
|---|---|
| (१) नगर उप-प्रमुख | अध्यक्ष |
| (२) स्वास्थ्य तथा सामाजिक विकास समितिको संयोजक | सदस्य |
| (३) नगरकार्यपालिकाले तोकेको नगरकार्यपालिकाको एकजना महिला सदस्य सहित २ जना | सदस्य |
| (४) जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको कर्मचारी | सदस्य |
| (५) स्थानीय बालकल्याण समितिले बालबालिकाको क्षेत्रमा काम गर्ने संघ संस्था मध्येबाट १जना | सदस्य |
| (६) नगर शिक्षा अधिकारी | सदस्य |
| (७) स्वास्थ्य तथा जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख | सदस्य |
| (८) जिल्ला समन्वय समितिका प्रमुखले तोकेको एक जना | सदस्य |
| (९) नगर बाल सञ्जालको अध्यक्ष/प्रतिनिधी | सदस्य |
| (१०) प्रमुख महिला बालबालिका सेवाकेन्द्र (जिल्ला प्रहरी कार्यालय ) | सदस्य |
| (११) जिल्ला बार एशोसियसनका अध्यक्ष/प्रतिनिधी | सदस्य |
| (१२) शिक्षक महासंघको अध्यक्ष/प्रतिनिधी | सदस्य |
| (१३) प्रमुख महिला विकास अधिकृत | सदस्य-सचिव |

भतपुर महानगरपालिकाका प्रमुखलाई समितिको बैठकमा विशेष आमन्त्रण गरिनेछ ।

**(३.२) वडास्तरिय बालकल्याण समिति :**

| | |
|---|---|
| (१) वडा अध्यक्ष | संयोजक |
| (२) वडा समितिले मनोनित गरेका निर्वाचित एक जना महिला सदस्य | सदस्य |
| (३) स्थानीय स्वास्थ्य संस्था प्रमुखहरु मध्येबाट एक जना | सदस्य |
| (४) वडा अध्यक्षले मनोनित गरेको एकजना विद्यालयको प्रधानाध्यापक | सदस्य |
| (५) समितिबाट मनोनित समाजसेवी महिला | सदस्य |
| (६) स्थानीय प्रहरी प्रमुख | सदस्य |
| (७) वडास्तरीय बालक्लवका अध्यक्ष/प्रतिनिधि १ जना | सदस्य |
| (८) वडा सचिव | सदस्य -सचिव |

**(३.३) स्थानीय बालकल्याण समितिको काम, कर्तव्य र अधिकार :**

(क) बालबालिकाको क्षेत्रमा कार्यरत संघ, सस्था लगायतका निकायहरुको सूचीकृत गर्ने, सेवा मापन गर्ने र आवश्यक समन्वय र सहकार्य गरी बालअधिकारको सवंर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने;

(ख) बालबालिकाको संरक्षणको निमित्त आकास्मिक सहयोग तथा दिगो विकासका लागि श्रोत (आर्थिक, भौतिक, मानवीय) व्यवस्था मिलाउने;

(ग) घटना व्यवस्थापन प्रक्रियालाई अबलम्वन गरी प्रभावकारी कार्यान्वयन गर्ने;

(घ) स्थानीय घटना बालसंरक्षण सम्बन्धी कार्य तथा सेवा प्रवाह गर्नका लागि आवश्यक पर्ने समाज सेवी तथा बाल मनोविज्ञको व्यवस्था गर्न सक्नेछ;

(ङ) बाल मनोविज्ञ तथा समाज सेवीको छनौट प्रक्रिया, योग्यता, काम कर्तव्य र अधिकार तथा सेवाका शर्तहरु लगायत अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ;

(च) विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने;

(छ) विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणका लागि व्यक्ति वा संस्थालाई संरक्षकत्व तोकेका बालबालिकाको विवरण बैठकबाट अनुमोदन गर्ने गराउने;

**(३.४) वडास्तरीय समितिको काम, कर्तव्य र अधिकार :**

(क) वडामा रहेका विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने ;

(ख) वडामा रहेका विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणका लागि स्थानीय बालकल्याण समितिमा सिफारस गर्ने ;

(ग) बालमैत्री वडा बनाउन आवश्यक पूर्वाधारहरु तयार पार्ने  र

(घ) बाल अधिकारको संरक्षण र संवर्द्धन सम्बन्धी कार्य गर्ने ।

**(३.५) बाल कल्याण अधिकारीको व्यवस्था :**

स्थानीय बालकल्याण समितिको सदस्य सचिबले बालकल्याण अधिकारीको रुपमा रही कार्य गर्नुपर्ने छ।

**(३.६) स्थानीय बालकल्याण अधिकारीको काम, कत्तर्व्य र अधिकार :**

बालबालिका सम्बन्धी ऐनको दफा ६१ बमोजिम बालबालिकाको अधिकारको सम्मान, संरक्षण तथा संबोधन गर्न तथा बालसंरक्षण कार्य समेत गर्नका लागि देहाय बमोजिमका कार्य सम्पन्न गर्नुपर्नेछ :

(क) कुनै पनि बालबालिका जोखिमपूर्ण अवस्थामा रहेको भेटिएमा वा सूचना प्राप्त भएमा निजको सर्वोत्तम हितलाई ध्यानमा राखी प्रहरी प्रशासनको सहयोगमा उद्धार तथा पुर्नस्थापनाको कार्य गर्ने।घटना व्यवस्थापन प्रक्रियालाई अवलम्बन गर्दै बालबालिकाको संरक्षकत्व प्रदान गर्ने र सो विवरण स्थानीय बालकल्याण समितिमा पेश गर्ने;

(ख) कुनै बेवारिसे बालबालिका फेला परेमा वा अन्य कुनै व्यक्तिले बुझाउन ल्याएमा त्यस्तो बालबालिकाको यथासम्भव तीनपुस्ते नाम, थर, ठेगाना, शरीरमा रहेको कुनै विशेष चिन्ह सहितको विवरण र औठाको छाप समेत आफ्नो कार्यालयमा राखी नजिकको अन्य व्यक्ति वा संस्थालाई जिम्मा लगाउने;

(ग) बेवारिसे बालबालिकाको बाबु, आमा, नातेदार वा संरक्षक पत्ता लगाउने प्रयोजनको निमित्त बालकल्याण अधिकारीले हुलिया तथा फोटो सहितको सूचना कुनै पत्र पत्रिकामा प्रकाशित गराउन वा सञ्चारको अन्य माध्यामबाट प्रशारण गराउन सक्नेछन्;

(घ) अध्यक्षको निर्देशनमा बैठक सञ्चालन गर्ने;

(ङ) स्थानीय बालकल्याण समिति, वडास्तरीय समिति र सरोकारवाला निकायहरुसंग समन्वय गर्ने;

(च) बालबालिकाको विशेष हेरचाह र संरक्षणको क्षेत्रमा काम गर्ने निकाय तथा संघ सस्थाहरुको सेवा हरुको मापन गर्ने;

(छ) बालकोषको आवश्यकता अनुसार सञ्चालन एवम् परिचालन गर्ने;

(ज) विशेष हेरचाह र संरक्षण आवश्यक भएका बालबालिकाहरुको संरक्षकत्व तोक्ने;

(झ) समितिले गरेको कार्यको नियमित प्रगति, प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्ने/गराउने;

(ञ) बालबालिकाको अभिलेख ब्यवस्थित गर्ने/गराउने ।

**(३.७) बालकल्याण समितिको बैठक सम्बन्धी व्यवस्था :**

बालबालिकाको अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ;

(क) स्थानीय बालकल्याण समितिको बैठक २(दुई) महिनामा एकपटक र अन्य अवस्थामा आवश्यकता अनुसार बस्नेछ र

(ख) अध्यक्षको निर्देशनमा स्थानीय बालकल्याण अधिकारीले समितिको बैठक बोलाउनु पर्नेछ।

## परिच्छेद- ४

## बालकोष स्थापना, सञ्चालन तथा ब्यवस्थापन

**(४.१)** बालबालिकाको सर्वोत्तम हित हुने गरी बाल अधिकारको सम्मान/संरक्षण/प्रवर्द्धन एवम् बालमैत्री महानगर निर्माणका लागि दिगो स्रोत सङ्कलन, परिचालन एवम् व्यवस्थापनका लागि बालकोषको स्थापना र सञ्चालनलाई निरन्तरता दिइनेछ। बालकोषमा देहाय बमोजिमको रकमहरु जम्मा भएको हुनेछ ।

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रकम;

(ख) बालबालिकाको क्षेत्रमा विनियोजित रकम मध्येबाट १० प्रतिशत नघट्ने गरी बार्षिक रुपमा बालबकोषमा रकम जम्मा गरिनेछ,

(ग) विदेशी सरकार, अर्न्तराष्ट्रिय संघ/संस्था वा ब्यक्तिबाट प्राप्त रकम,

(घ) स्वदेशी व्यक्ति, संघ/संस्थाबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

माथि उल्लेखित रकमहरु प्राप्त गर्नु अघि महानगरपालिकाको कार्यपालिका बैठकबाट निर्णय गराई कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

**(४.२) बालकोषबाट सेवा पुऱ्याईने क्षेत्रहरु :**

(क) जोखिपूर्ण श्रममा संलग्न रहेका यौन शोषण, यौन दुर्व्यवहारमा परेका बालबालिका;

(ख) बेचबिखन ओसारपसारमा परेका शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यहारबाट पिडित;

(ग) अपाङ्गता भएका, दुर्घटनामा परेका वा प्राकृतिक वा दैवी प्रकोपमा, हिंसाबाट प्रभावित एवम् पिडीत भएका;

(घ) हराएका वा बेवारिसे अवस्थामा फेला परेका. ऋणको कारणले बन्धक बनाइएका वा जबरजस्ती निकृष्ट प्रकारका श्रममा लगाइएका बालबालिका;

(ङ) आमा वा बाबु कारागार वा हिरासतमा रहेका वा कुनै कसुरको कारण सजाय भोग्नु परेका कारण बेवारीसे भएका बालबालिका;

(च) आमा बाबु वा आफन्तको संरक्षणबाट बन्चित भएका;

(छ) सुस्त मनस्थिति भएका, असाहाय वा शरीर बन्धकमा परेका बालबालिका;

(ज) सडक बालबालिका र

(झ) एच.आई.भि./एड्स सङ्क्रमित तथा प्रभावित भएका बालबालिकालाई आकस्मिक सहयोग पुर्याउन तत्काल उद्धार, राहत र पुर्नस्थापना गर्ने कार्यका लागि बालकोष स्थापना र सञ्चालन गरिनेछ।

## (४.३) बालकोषको रकम परिचालन/ कार्यसञ्चालन प्रक्रियाः

भरतपुर महानगरपालिकामा स्थापना भएको बालकोषको रकम स्थानीय बालकल्याण समितिको सिफारिसमा देहाय बमोजिमको शिर्षकमा बालबालिकाको प्रत्यक्ष हित हुने कार्यमा खर्च गरिनेछ ।

## (४.३.१) उद्धार तथा पुनर्स्थापनाः

विपदमा परेका बालबालिकालाई तुरुन्त उद्धार गरी समितिले अल्पकालीन संरक्षणको व्यवस्था मिलाउने छ ।यसरी संरक्षणको व्यवस्था मिलाइएका बालबालिकालाई बढीमा दुई महिना भित्र स्थायी पुर्नस्थापना गरी सक्नुपर्ने छ । यदि कुनै कारणवश दुई महिना भित्रमा स्थायी रुपमा पुर्नस्थापना गर्न नसकिएको अवस्थामा समितिले मनासिव देखेमा बढीमा एक महिनासम्म समयावधि थप गर्न सक्नेछ।यसरी उद्धार तथा पुर्नस्थापन गर्ने सिलसिलामा समितिको निर्णय अनुसार कोषको रकम निम्न मापदण्डका आधारमा खर्च उपलब्ध गराउन सकिनेछ ।

**(क) खानेकुरा :**

प्रति बालबालिकालाई अल्पकालीन संरक्षणमा बसेको अवधिभर खानेकुराको लागि दैनिक रु.३५०।-का दरले उपलब्ध गराइनेछ ।

**(ख) लुगाफाटो :**

प्रति बालबालिकालाई लुगाफाटो नभएको वा उपयुक्त नभएको अवस्थामा लुगाफाटो किन्न एकपटकका लागि बढीमा एकमुष्ट रु.२,०००।- का दरले उपलब्ध गराइनेछ ।

**(ग) सम्प्रेषण सेवाः**

बालबालिकाहरुको पुनर्स्थापनका लागि घर पठाउँदा वा परिवारमा पुनर्स्थापन गर्न सम्भव नभई सदरमूकाम वा अन्यत्र बालगृह वा अन्य निकायमा पठाउँदा साथी समेतको मितव्ययी सवारी साधनको भाँडा तथा एकै दिन पुगिने अवस्थामा खाजा खर्च बापत प्रतिव्यक्ति जम्मा रु.२००।- र बास बस्नुपर्ने भएमा खाने बस्ने खर्च बापत प्रतिव्यक्ति दैनिक रु.५००।- का दरले र सरकारी कर्मचारीहरु नै जानुपर्ने अवस्थामा नियम अनुसारको दैनिक भ्रमण भत्ता उपलब्ध गराउन सकिनेछ ।

**(घ) औषधोपचारः**

बालबालिकालाई कुनै चोटपटक वा बिरामी भई अस्पतालमा उपचार गराउन लैजादा बिरामी तथा कुरुवाको समेत जोडेर निम्नानुसार ननाघ्ने गरी लागेको यथार्थ खर्च :

(घ.१) बाहिर बसी उपचार गराउँदा अस्पताल आतेजाते मितव्ययी सवारी साधनको भाडाका साथै परीक्षण तथा औषधी खर्च बापत जम्मा रु. ३,०००।-

(घ.२) अस्पतालमा नै भर्ना भई उपचार गराउन लैजादा र ल्याउदा लागेको मितव्ययी सवारी साधनको भाडा, परीक्षण तथा औषधि खर्चका अतिरिक्त पाँच दिनसम्म बिरामी र एकजना कुरुवाको लागि प्रति व्यक्ति प्रतिदिन रु.५००।- गरी जम्मा रु.८५००।- सम्म खर्च उपलब्ध गराउन सक्नेछ ।

**(ङ) जीविकोपार्जन टेवा :**

वेवारिसे अलपत्र अस्थामा फेला परेका वा अभिभावक वा आमा बाबु नभएका अनाथ बालबालिकाका लागि परिवार भित्रका नातेदार (जस्तैः ठूलो बुवा, ठूली आमा, काका, काकी, फुपु, सानीमा, मामा, माइजू) ले आफ्नो आर्थिक अवस्था नाजुक हुँदाहुदै पनि सो

बालबालिकालाई आफ्नो संरक्षणमा राख्न चाहेमा वा मञ्जुर भएमा उनीहरुको जीविकोपार्जनमा मद्दत पुऱ्याउनका लागि समितिबाट निर्णय गरी बढीमा रु.२५,०००।- सम्म एकमुष्ट अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ । तर यसरी अनुदान प्राप्त गर्ने व्यक्ति वा परिवारले सो रकमबाट कुनै व्यवसाय सञ्चालन गरी आफ्नो संरक्षणमा रहेका बालबालिकालाई खाने बस्ने व्यवस्था सहित नीजको उमेर र योग्यता अनुसार शिक्षा दिक्षाको प्रबन्ध मिलाउन लिखित कार्य योजना समितिमा पेश गर्नु पर्नेछ ।सो अनुसार उपलब्ध रकमको सदुपयोग भए नभएको समितिबाट निरन्तर अनुगमन गरिनेछ ।

**(च) विशेष निर्णय गर्न सक्ने :**

यस कार्यविधिमा माथि जुनसुकै कुरा उल्लेख भएको भएता पनि अपाङ्गता भएका, एच.आई.भी. सङ्क्रमित वा असाध्य रोग लागेका जस्ता विशेष अवस्था भई विपदमा परेका बालबालिकाको हकमा उद्धार पुनर्स्थापना र पारिवारीक पुनर्मिलनका लागि समितिले औचित्य हेरी विशेष व्यवस्था गर्नसक्नेछ ।

**(छ) अन्य उपयोगमा बन्देज :**

कोषको रकम कर्मचारीको पारिश्रमिक, प्रशासनिक खर्च, बैठक खर्च र भवन निर्माण जस्ता कार्यमा खर्च गरिने छैन । कोषमा सञ्चित रहेको रकम फ्रिज नभई आगामी वर्षहरुमा माथि उल्लेखित कार्यका लागि उपयोग गर्न सकिनेछ ।

**(ज) कार्यक्रमको अनुगमन :**

बालकोष मार्फत उपलब्ध गराइएको सेवा, सुविधा तथा खर्चहरुको विवरण अध्यावधिक गर्नुपर्नेछ।त्यस्तो विवरण स्वास्थ्य तथा सामाजिक विकास महाशाखा मार्फत भरतपुर महानगरपालिका नगर कार्यपालिकामा नियमित रुपमा पेश गरिनेछ।

## परिच्छेद- ५

## संरक्षकको व्यवस्था/अस्थायी संरक्षण सेवा/ विविध

**(५.१) संरक्षकको व्यवस्था :**

बैकल्पिक हेरचाह र संरक्षणमा रहेका बालबालिकाको पारिवारीक पुनर्स्थापन गर्दा/गराउँदाका बखत संरक्षकत्व लिने व्यक्ति वा संस्थाको योग्यता देहाय बमोजिम भएको हुनुपर्नेछ :

(क) बालबालिकाको आमा वा बाबुको तर्फका नातेदार;
(ख) बालबालिकालाई हेरचाह गर्न ईच्छुक परिवार/व्यक्ति र
(ग) बालबालिकालाई परिवारमा आधारित हेरचाह गर्ने संस्था ।

**(५.२) अस्थायी संरक्षण सेवा :**

तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएका बालबालिकालाई सुरक्षित बसोवासको व्यवस्था मिलाउन, अस्थायी संरक्षण सेवा प्रदान गर्न स्थानीय संघ संस्थासंग समन्वय र सहकार्य गरिनेछ ।

**(५.३) विविध :**

यस कार्यविधिमा लेखिएका कुराहरु यसै कार्यविधि बमोजिम वा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

आज्ञाले

............................

(प्रेमराज जोशी)

प्रमुख प्रशासकीय अधिकृत